# समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड

# Summit Micro Finance Development Bank Ltd.


**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)**

बिर्तामोड न.पा.-७, झापा, नेपाल

फोन नं. : ०२३-५४४४२०, फ्याक्स नं. ०२३-५४१४२०

E-mail: info@summitbank.com.np, URL: www.summitbank.com.np


## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/०८/०४**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०८/११**

यस समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको अवितरित हकप्रद शेयरको बिक्रीको लागि मिति २०७४/०५/१५ गते सूचना प्रकाशित गरी मिति २०७४/०५/२९ गतेदेखि २०७४/०७/०१ गतेसम्म बिक्री खुला गरी आवेदन माग गरिएकोमा **संस्थापक समूहतर्फ २२,४६७ कित्ता** तथा **सर्वसाधारण समूहतर्फ ४०८२ किता** शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७४ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस डेभलपमेन्ट बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीले मिति २०७४/०८/११ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु: |
|---|---|
| १. | श्री सानिमा क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौं |
| २. | श्री सानिमा बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः विराटनगर, विरगञ्ज, पोखरा, बुटवल, नेपालगञ्ज, विरेन्द्रनगर सुर्खेत, धनगढी, नारायणगढ र बिर्तामोड । |

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण:**

**(क) संस्थापक शेयर : २२,४६७ कित्ता** **(ख) सर्वसाधारण शेयर : ४,०८२ कित्ता**

**शर्तहरु:**

१. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । साथै सानिमा बैंकका शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

२. शेयरको न्युनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा विभिन्न आवेदन फारम मार्फत शेयर खरीदको लागि आवेदन फारम पेश सक्नेछन् । साथै, बोलपत्र फाराम  शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । साथै, आवेदन गर्ने कित्ता पूर्ण कित्तामा हुनुपर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपी, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आपनो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनुपर्नेछ भने अधिकतम शेयर सख्याको लागी कुनै हद लाग्ने छैन तर नेपाल राष्ट्र बैंकले तोकेको प्रति व्यक्ति सीमाको अधिनमा रहने गरी आवेदन दिनुपर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन । रु. १० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

८. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम सानिमा क्यापिटलको नाममा सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०००१०५८६०७ मा धरौटी वापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा सानिमा क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको **Cheque** मात्र संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क तथा रु. २ लाख भन्दा बढी रकमको **Good For Payment** को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नुपर्नेछ ।

९. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । आवेदक संगठित संस्था, फर्म, वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं. तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

१०. शिलवन्दी खाम वाहिर सर्वसाधारण तर्फको शेयरको लागी आवेदन गर्दा "**समीट-शेयर खरीद आवेदन (सर्वसाधारण समूह)**" तथा संस्थापक तर्फको शेयरको लागी आवेदन गर्दा "**समीट-शेयर खरीद आवेदन (संस्थापक समूह)**" उल्लेख भएको हुनुपर्नेछ ।

११. बोलपत्र आवेदन मिति २०७४/०८/११ गते अपरान्ह ३:०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

**१३. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।**

**१४. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रवन्धको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फारम पठाउन नसकिने भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।**

**१५. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।**

१६. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ । यसरी समानुपातिक रुपमा बाँडफाँड गर्दा समेत केही शेयर बााकी रहन गएमा यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

१७. माथि बुँदा नं. १६ बमोजिम बाँडफाँडमा परेका बोलपत्रदाताहरुमध्ये शेयर बाँडफाँड गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गर्दा कथंकदाचित नियमनकारी निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको रकममध्ये आंशिक रकमको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ ।

१८. माथि बुँदा नं. १७ बमोजिम नियमनकारी निकायको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमशः बाँकी रहेको शेयर शेयर बाँडफाँड गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने भएमा बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गरी सोही निकायको स्वीकृति अनुसार माग गरे बमोजिम वा सो को आंशिक संख्यामा शेयर बाँडफाँड गरिनेछ ।

१९. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी **IPS** मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

२०. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

२१. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

२२. बोलपत्र बुझाउने समयावधी भित्र कुनै सार्वजनिक विदा पर्न गएमा बोलपत्र बुझाउने म्याद थप गरिने छ ।

**बिक्री प्रबन्धक:**

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)


नक्साल, काठमाण्डौ, फोनः +९७७-४४२८९५६/५७, फ्याक्सः ४४२८९५८

इमेलः sanimacapital@sanimabank.com वेवसाइटः www.sanima.capital